सैनामैना नगरपालिका

# सैनामैना नगरपालिकाको कार्यलय

बुद्धनगर, रुपन्देही

## बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०७५।०९।२०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१७५च) एवं प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ यस सैनामैना नगर कार्यपलिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा मिति २०७५।६।२१ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार नदीजन्य पर्दाथ उत्खनन् गर्ने तथा घाटगद्धि गरी बेच्ने कार्यको ठेक्का बन्दोवस्त गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रचलित नेपाल कानुन बमोजिम दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार/फर्मले बोलपत्र फाराम (फिर्ता नहुने गरी) खरिद गरी तपसिलको शर्तका आधारमा आफूले लिन चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी सिलबन्दी बोलपत्र दिनु पर्नेछ। यसरी बोलपत्र दिंदा ठेकेदारले आफूले कबोल गरेको अंकको ५%का दरले हुने धरौटी वापतको रकम यस सैनामैना नगर कार्यपालिकाको कार्यालयको नाममा कृषि बिकास बैंक मुर्गिया शाखामा रहेको धरौटी खाता नं०४१४२०११४९२४४०१५ ग.३ मा जम्मा गरी सोको सक्कल भौचर वा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ उपनियम २ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सहीछाप भएको सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारिक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस सैनामैना नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत ५०% ले हुने रकम, अग्रिम आय कर र बाँकी ५०% ले हुने रकम बराबर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ०७६ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै कबुल गरेको ठेक्का रकम एकमुष्ट दाखिला गरेमा १०% रकम छुट दिईने छ। मु.अ.कर र अग्रीम आय कर समायोजन भै सकेको भनी आन्तरिक राजश्व कार्यालयको फुकुवा पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता वा बैंक ग्यारेन्टी फुकुवा गरिने छ। तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत हुनेछ। बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि कार्यालयको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न सकिने छ। ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिने छ साथै अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

तपसिल

| क.स | आय ठेक्का न. | आय ठेक्काकोबिबरण | नदिजन्य पर्दाथ परिमाण तथा न्युनतम ठेक्का रकम भ्याट बाहेक | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| १ | २/२०७५/७६ | सैनामैना न.पा.अर्न्तगत कंचन नदिको नदिजन्य पर्दाथ उत्खनन् गर्ने घाटगद्धि गरी बिकी गर्ने कार्य। | ५३,४०० घ.मि. तथा रु. १,१३,०४,०००। | ३०००।०० |

१.बोलपत्र विक्री हुने अन्तिम मिति, समय:- सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयसम्म।
२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति,समय:-सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म।
३. बोलपत्र विक्री गर्ने स्थान:- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही।
४. बोलपत्र दाखिला गर्ने स्थान:- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही।
५. बोलपत्र खोलिने स्थान, मिति, समय:- सैनामैना नगरपालिकाको कार्यालय रुपन्देही, ३१ औं दिन दिउंसो २:०० बजे।
६.नदिजन्य पदार्थ उत्खनन् गरी तोकिएको स्थानमा घाटगद्धि गरी प्रदेश नं.५ को नदिजन्य पर्दाथ उत्तखन्न कार्य बिधि २०७५ मा उल्लेख गरीएको समितिले नाप जाच गरी.अनुमति दिई सके पछि मात्र बिक्री बितरण गर्नु पर्नेछ।
७. यस सैनामैना न.पा.मा संचालित विकास निर्माणमा लाग्ने मिस्कट १०,००० घ.मि. राजश्व रकम लिई उपलब्ध गराउनु पर्नेछ।
८. नदिजन्य पदार्थ बिकी बितरण गर्दा तोकिएको IEE मा उल्लेख गरीएको मार्ग मात्र प्रयोग गर्न पाईने छ तथा सो सडक मार्गमा धुलो नउड्ने गरी दिनमा ३ पटक पानि छर्किने व्यबस्था गर्नु पर्ने छ।
९. नदीजन्यवस्तु संकलन तथा ढुवानी कार्यमा स्थानीयवासीहरुलाई प्राथमिकता दिनु पर्नेछ।
१०. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न गराउन पाइने छैन। साथै वातावरण प्रभाव मुल्यांकन IEE सम्बन्धी उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ।
११. नदीजन्य पदार्थ निकासी गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था नदिजन्य उत्खनन्कर्ता स्वयंले गर्नु पर्नेछ। खर्चको दावी गर्न पाईने छैन।
१२. वोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम मितिमा बिदा पर्न गएमा बिदा सकिएको भोलिपल्ट सोही समयमा हुनेछ।

नोट :-दररेट र शर्तहरु बोलपत्र फाराममा उल्लेख गरीने छ। साथै अन्य जानकारीको लागि यस कार्यालयको वेभ साईट www.sainamainamun.gov.np मा हेर्न सकिने छ।

०७५।९।१३
कमलराज घिमिरे
शाखा अधिकृत